म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २५२ बुधबार १३ बैशाख २०८० ने. सं. ११४३ बछलाथ्व 26 April 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

साझाकुरा

www.sajhakuranews.com

☞ मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन् ।
☞ यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं ।
☞ मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ ।
☞ जनस्वास्थ्य सम्बन्धी कानूनको पूर्णरुपमा पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मकवानपुरका सामुदायिक क्याम्पसले खोजे सरकारको दायित्व

## माध्यमिक तहबाटै विद्यार्थी विदेशिएपछि रित्तिँदै क्याम्पस, तलब खुवाउन मुस्किल



साझाकुरा संवाददाता

हेटौंडा, १२ वैशाख/ आमविद्यार्थीलाई न्यूनतम शुल्कमा उच्चशिक्षा हासिल गराउन सञ्चालित सामुदायिक क्याम्पसहरुको विकासमा सरकारी दायित्वको खोजी गरिएको छ ।

मकवानपुरको सामुदायिक क्याम्पस हेटौंडा क्याम्पसले मंगलबार सरकारका नेतृत्वलाई बोलाएर मकवानपुरका सामुदायिक क्याम्पसको समग्र विकासमा बागमती प्रदेश सरकारको भूमिका खोजेको हो । सामुदायिक क्याम्पसको वर्तमान अवस्थामा प्रदेश सरकारको भूमिकामाथि अन्तक्रिया गर्दै हेटौंडा क्याम्पसले बागमती प्रदेश सरकारसँग अभिभावकत्व ग्रहण गर्न प्रस्ताव गरेको छ । सामुदायिक क्याम्पसको विकास तथा सम्वर्द्धनमा राज्यको प्रमुख दायित्व हुने भन्दै प्रदेश सरकारले सामुदायिक क्याम्पसको स्तरोन्नतिमा हातेमालो गर्नुपर्नेमा जोड दिइएको हो । क्याम्पस सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुलीको सभाध्यक्षता तथा बागमती प्रदेशको आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामाको प्रमुख आतिथ्यतामा अर्न्तक्रिया गरिएको हो ।

कार्यक्रमको अबसरमा क्याम्पस प्रमुख डा. देवचन्द्र मानन्धरले 'सामुदायिक क्याम्पसको वर्तमान अवस्थामा प्रदेश सरकारको भूमिका' शीर्षकमा कार्यपत्र प्रस्तुत गरेका थिए । मानन्धरले कार्यपत्रमा बागमती प्रदेशका सामुदायिक क्याम्पसको आर्थिक अवस्था, विद्यार्थीहरुको विदेशिने क्रम, सरकारले गरेको वेवास्थालाई जोड दिएका छन् । कार्यपत्रमा प्रदेशका सामुदायिक क्याम्पसमध्ये थोरैको आर्थिक अवस्था सबल रहेता पनि अधिकांश क्याम्पसहरु निरन्तर नाजुक बन्दै गइरहेको उल्लेख छ । क्याम्पसप्रमुख मानन्धरले युवा शक्तिहरु निराश हुँदै विदेशिने क्रम बढेकोले क्याम्पसमा विद्यार्थी घट्दै गइरहेको उल्लेख गरेका छन् । उनले क्याम्पस सञ्चालक समितिको बनावट राजनीतिक प्रकृतिको, शिक्षक, कर्मचारी र विद्यार्थीको राजनीतिक गतिविधि केन्द्रित हुनाले सामुदायिक क्याम्पस प्राज्ञिक भन्दा पनि राजनीतिक अखडा बन्दै गएकोप्रति चिन्ता व्यक्त गरे ।

प्रदेश सरकारले सामुदायिक क्याम्पसमा 'बोर्ड अफ ट्रस्टी' गठन गरी प्राज्ञिक संसथाको रुपमा विकास गर्दै लैजानुपर्ने मानन्धनले बताएका छन् । उनले प्राध्यापकहरु अध्यापन कार्यमा बढी परम्परागत हुँदै गएकोले अनुसन्धानमूलक शिक्षाको विस्तारमा अत्यन्तै न्यून उपलब्धी भएको उल्लेख गरेका छन् । प्रदेश सरकारले विद्यार्थी संख्याको अनुपातमा प्राध्यापक दर बन्दी सिर्जना गरी आवश्यक अनुदान उपलब्ध गराउने नीतिगत व्यवस्था गर्नुपर्ने, प्रदेशदेखि स्थानीय सरकारले वार्षिक बजेटमा सामुदायिक क्याम्पसलाई निश्चित रकम छुट्याएर संरक्षण गर्ने व्यवस्था मिलाउनुपर्ने मानन्धनरले बताएका छन् ।

आर्थिक मामिला तथा योजनामन्त्री लामाले सामुदायिक क्याम्पसहरुको उचित माग आगामी बजेटबाट सम्बोधन हुने विश्वास दिलाए । क्याम्पसमा शैक्षिक गुणस्तर वृद्धि गर्न प्रदेश सरकारले उचित नीति तर्जुमा गर्ने उनले बताए । विद्यार्थीहरु दैनिक विदेशिएको प्रति मन्त्री लामाले चिन्ता व्यक्त गरेका छन् । उनले प्रविधिमैत्री शिक्षा आवश्यक रहेको भन्दै परम्परागत प्रणालीलाई परि मार्जन गर्नुको विकल्प नभएको जिकिर गरे । प्रदेशमा पर्याप्त कानुन निर्माण नभएकाले संघीय सरकारमाथि निर्भर हुनुपरेको भन्दै शिक्षा क्षेत्रको पर्याप्त कानुन निर्माणमा जोड दिने मन्त्री लामा बताउँछन् । सामुदायिक क्याम्पसको प्रमुख दायित्व प्रदेशसहित तीनै तहका सरकारले लिनुपर्ने उनको भनाई छ ।

शिक्षा निर्देशनालय बागमती प्रदेशका निर्देशक पूर्णबहादुर दर्जीले सामुदायिक क्याम्पसलाई सरकारले सहयोग गरिरहेको उल्लेख गरे । क्याम्पसबाट उत्पादित जनशक्ति स्वरोजमूलक बन्न नसकेको दर्जीले स्वीकारे । प्रदेश सरकारले खोज, अनुसन्धानमूलक शिक्षामा जोड दिने उनले बताए । हेटौंडा-४ का वडाअध्यक्ष तथा क्याम्पस सञ्चालक समिति सदस्य नवीन सिग्देलले शिक्षा क्षेत्र सरकारको प्रमुख दायित्वको रुपमा हुनुपर्ने बताउँदै नतिजा कमजोर आए सरकारका प्रमुखहरुले जवाफ दिनुपर्ने सुनाए । उनले सामुदायिक क्याम्पसमा सरकारले वेवास्था गरेको भन्दै तीनै तहका सरकारले एकीकृत कार्ययोजना बनाएर काम गर्नुपर्ने धारणा राखे । वडाध्यक्ष सिग्देलले क्याम्पसलाई गुणस्तर सुधारमा चुनौती रहेको बताए ।

मकवानपुर बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख शंकरप्रसाद उपाध्यायले सामुदायिक क्याम्पसमा सरकारको उपस्थिति बारे प्रश्न राखेका थिए । 'सामुदायिक क्याम्पसमा सरकारको उपस्थिति कस्तो छ ?, मननयोग्य छ ?,' सरकारको भूमिकाप्रति उपाध्यायले व्यंग्यात्मक प्रश्न गरे । क्याम्पसमा भर्नादर निरन्तर घटिरहेको भन्दै चिन्ता र चुनौती रहेको बताए । ६ देखि ८ महिनासम्म तलब नबुझी क्याम्पसका पढाउने प्राध्यापकहरुप्रति सरकारले ध्यान दिनुपर्ने उपाध्यायको भनाई छ । उनले मकवानपुरको शैक्षिकस्तर उकास्न पनि चुनौती रहेको बताए । 'विद्यार्थी विदेश गइरहेका छन्, पढन आउन छोडे । अब कसलाई पढाउने हो ?,' उपाध्यायले भने ।

शैक्षिक विकासको क्षेत्रमा काम गर्दै आएका डा. राजु क्षेत्रीले सामुदायिक क्याम्पसहरु प्रदेश र स्थानीय सरकारका लागि अबसर भएको बताए । उनले क्याम्पसमा अनुसन्धानमूलक शिक्षा कार्यान्वयन हुनुपर्ने बताए । सरकार र सामुदायिक क्याम्पसबीच समन्वय र सहकार्य हुन नसकेकाले समस्या देखिएको क्षेत्री बताउँछन् । हेटौंडा क्याम्पसमा अध्ययनरत् युवराज विकले समयमा परीक्षा र नतिजा प्रकाशन हुन नसक्केको भन्दै शिक्षा क्षेत्रको बेथिति बारे गुनासो राखेका छन् । उनले वर्तमान शिक्षा प्रणाली सैद्धान्तिक मात्रै रहेको र प्रयोगात्मक नभएकाले शिक्षामा अपेक्षाकृत विकास हुन नसक्केको बताए ।

पछिल्लो दिनमा माध्यमिक तह उत्तीर्ण गर्नेबित्तिकै विद्यार्थीहरु अष्ट्रलिया, क्यानडा, अमेरिका, बेलायततिर उड्न थालेपछि उच्चशिक्षा आर्जन गर्ने कलेजहरु सुनसान बन्दै गएका छन् । १२ कक्षा उत्तीर्ण गरेका औषत भन्दा कमजोर विद्यार्थी पासपोर्ट बनाएर खाडीमा रोजगारीका लागि जाने र सक्षम अभिभावकका बालबालिका उच्चशिक्षाका लागि सम्पन्न मुलुकतिर जान थालेपछि उच्चशिक्षालयहरुमा विद्यार्थी अभाव हुन थालेका छन् ।

साझाकुरा संवाददाता

# जागरण साकोसद्वारा पाठेघर क्यान्सरको परीक्षण



साझाकुरा संवाददाता

हेटौंडा, १२ वैशाख/ मकवानपुरगढी गाउँपालिका-३, स्थित जागरण बचत तथा ऋण सहकारी संस्थाले स्थानीय महिलाहरुको लागि स्तन तथा पाठेघर मुखको क्यान्सरसम्बन्धी परीक्षण आयोजना गरेको छ ।

मंगलबार भएको स्वास्थ्य परीक्षणमा १ सय ३४ जनाले सेवा लिएका छन् । सहिद रुद्र स्मृति सामुदायिक स्वास्थ्य ईकाइ परिसरमा भएको परीक्षणमा आङ खसेको पहिलो चरणका ७ जना, दोस्रो चरणका २ जना र तेस्रो चरणका २ जना रहेको सहकारी संस्थाकी व्यवस्थापक मेनुका दाहालले जानकारी दिइन् । स्तन तथा पाठेघर परीक्षणमा विपि कोइराला मेमोरियल क्यान्सर अस्पताल चितवनको प्राविधिक सहयोग थियो । परीक्षणमा पोलिप ४ जना, सिवसाइट्रिस ४ जना, संक्रमित पानी बगेको २ जना, लिजन २ जना, टच विल्डि १० जना र १७ जनामा पाठेघरको मुखमा संक्रमण भइसकेको फेला परेको दाहालले बताइन् ।

स्वास्थ्य परीक्षण कार्यक्रम संस्थाका अध्यक्ष कल्पना श्रेष्ठको सभाध्यक्षता तथा मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यतामा भएको थियो ।

कार्यक्रममा वडा नम्बर ३ का वडाअध्यक्ष भागवत घिमिरे, ४ नम्बर वडाअध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, पालिका स्वास्थ्य शाखा प्रमुख ध्रुवप्रसाद लामिछाने, सहिद रुद्र स्मृति सामुदायिक स्वास्थ्य ईकाइका प्रमुख लक्ष्मण दाहालगायतको आतिथ्यता थियो । क्यान्सर परीक्षण कार्यक्रम मकवानपुर गढी गाउँपालिका, नेपाल अर्बुद रोग निवारण संस्था मकवानपुरसँगको समन्वयमा भएको हो ।

# प्रदेशसभामा दुई विधेयक प्रस्तुत

साझाकुरा संवाददाता

हेटौंडा, १२ वैशाख/ हेटौंडास्थित बागमती प्रदेशसभाको मंगलबार बसेको बैठकमा दुईवटा विधेयक प्रस्तुत भएका छन् ।

स्वास्थ्यमन्त्री समेतको जिम्मेवारी सम्हालेका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी विधेयक टेबल गरेका हुन् । 'मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ को साविकको व्यवस्था जगाउने सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक' संसदमा प्रस्तुत भएको हो । यसैगरी, आन्तरिक मामिला तथा कानूनमन्त्री गंगानारायण श्रेष्ठले 'प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' संसदमा पेश गरेका छन् । यसअघि सांसदहरुले विशेष समयमा आफ्नो क्षेत्रका समस्या, आगामी बजेटमा समावेश हुनुपर्ने विषय, कृषि मलको उपलब्धता लगायतका विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए ।


## कर्मचारी आवश्यकता


यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

D Pharma - २ जना
B Pharma - २ जना
तलबः आपसी समझदारीमा निर्धारण गरिनेछ ।

सक्षम औषधी पसल/अग्रिम औषधी पसल
मकवानपुर सहकारी अस्पताल
हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४१२७००९

## केदारनाथ सुनचाँदी पसल

हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

प्रो. राहुल सुनार
मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

## भर्ना खुल्यो ! भर्ना खुल्यो !

नयाँ वर्ष २०८० सालको उपलक्ष्यमा विद्यार्थी, अभिभावक, शिक्षक तथा समस्त शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना सहित

शैक्षिक सत्र २०८०का लागि कक्षा नर्सरी देखि कक्षा ९ सम्म भर्ना खुलेको सहर्ष जानकारी गराउन चाहन्छौं ।

Entrance प्रवेश परीक्षा भइरहेको जानकारी गराउन चाहन्छौं ।

Tulasi Mehar Memorial Secondary School
Hetauda-10
Contact No.: 057-520737, 9855071876

पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.द्वारा संचालित बस सेवा

खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

## यात्रु महानुभावहरुलाई खुसीको खबर !


२०८० बैशाख २ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौं गंगाबु बसपार्कसम्म दैनिक बिहान ७ बजे
- गंगाबु बसपार्क काठमाडौंबाट हेटौंडासम्म दैनिक बिहान ६:३० बजे
- कलंकीबाट ठिंगन हुँदै हेटौंडासम्म दैनिक बिहान ६:४५ बजे
- काठमाडौं सातदोबाटोबाट हेटौंडासम्म दैनिक बिहान ७ बजे




सम्पर्कः
०५७-५२१९९४, ९८५५०६७६५५, ९८५५०७१६२५, ९८४५०७६७६३

## घडेरीहरु बिक्रीमा



साझाकुरा

## हाम्रो कुरा

# स्थानीय सरकारको ताकेता

मनहरी गाउँपालिका वडा नं ३ को हाँडीखोला-कालीदमार जोड्ने पुल निर्माणकार्य अढाइ वर्षदेखि अलपत्र पारेको भन्दै निर्माण कम्पनीलाई गाउँपालिकाले ५ दिने चेतावनी दिएको छ । गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले पुल निर्माणको ठेक्का पाएको भैरव-नारायण-गणेश जेभीका सञ्चालकलाई निर्माणस्थलमै पुगेर चेतावनी दिएका हुन् । जनताले तिरेको करबाट संचालन गर्ने योजनामा निर्माण कम्पनीले खेलवाडं गरेको भन्दै स्थानीय सरकारले तत्काल निर्माण कार्य सुरु नगरे ठेक्का सम्झौता तोड्ने चेतावनी दिइएको हो । २ वर्ष भित्रमा सम्पन्न गर्नुपर्ने गरी २०७७ मंसिर ७ गते ठेक्का सम्झौता भएको थियो । तर, सम्पन्न गर्नुपर्ने मिति सकिएर ४ महिना नाघिसक्दा पनि जमिन मुनीको काम मात्र भएको छ । ठेकेदारलाई बारम्बार सम्पर्क गरी ५ पटकसम्म पत्राचार गरी सचेत गराउँदा समेत ठेकेदार कम्पनीले कुनै चासो नदिएको बताइएको छ । अन्तिम अवस्थामा कालो सूचीमा राख्ने भनिएपछि मात्र सोमबार निर्माण कम्पनीका सञ्चालक पुल निर्माणस्थलमा उपस्थित भएका थिए। उनलाई स्थानीयबासीकै रोहबरमा अबको ५ दिनभित्र काम सुचारु गरी आगामी मंसिरसम्ममा सम्पन्न गर्न अन्तिम चेतावनी दिइएको हो ।

५ दिनभित्र काम सुचारु नभए कार्यपालिका वैठकले ठेक्का रद्द गरी कारवाही प्रक्रिया अघि बढाइने चेतावनी दिइएको छ । निर्माण कम्पनीको लापर बाहीका कारण दुईवर्षसम्म पुलको काम अलपत्र परेको छ । निर्धारीत मितिमा काम सम्पन्न नभएपछि एक वर्षको म्याद थप गरिएको थियो । आगामी मंसिर भित्र निर्माण कार्य सम्पन्न गर्ने निर्माण कम्पनीले बचनबद्दता जाहेर गरेको छ । ५ वटै पुलमध्य सबैभन्दा पहिला काम सुरु गरिएको तर, कार्यप्रगति सबैभन्दा यही पुलको पछाडि परेको स्थानीयले बताएका छन् । मकवानपुरको मनहरी गाउँपालिकाले प्रदेश सरकार र आफ्नो लगानीमा पाँच वटा पक्की पुल निर्माण गरिरहेको छ । गाउँपालिकाको आन्तरिक श्रोतबाट पाँचवटा पक्की पुल निर्माणको काम सुरु गर्नु आफैंमा चुनौतीपूर्ण कदम थियो । दुइ वर्षमा निर्माणको काम सक्नेगरी ५ ठुला पक्की पुल साबिक हाँडीखोलामा निर्माण सुरु भएको थियो । तर, दुईवर्षको म्याद समाप्त भएको पनि ४ महिना बितिसकेको छ । मनहरी गाउँपालिकाको वडा नम्बर-३ र ४ जोड्नका लागि मसिने र ट्वाङग्रा खोलामा पुल निर्माणको काम अन्तिम चरणमा पुगेको छ । ट्वाङग्राखोलाको पुलको दुबै स्ल्याव (स्पान) ढलान सकिएको छ । आगामी असारदेखि यो पुल सञ्चालनमा आउनसक्ने अवस्था रहेको छ । यसैगरी मनहरीकै वडा नम्बर-३ र ४ जोड्ने मसिने खोलामा पुल निर्माणको काम भइरहेको छ । यो पुलको एउटा स्ल्याव ढलान भएको र अर्कोको ढलानका लागि तयारी भइरहेको छ । एक मिहनाभित्र थप अर्को स्ल्याव ढलान गर्ने कार्य सम्पन्न भएको खण्डमा आगामी बर्षात्मा मसिने खोलाको पुल पनि सञ्चालनमा आउने सम्भावना छ । मनहरी गाउँपालिका वडा नम्बर-३ को भुन्द्रुङ-पालदमार जोड्ने ठाडेखोलामा पुल निर्माणको काम भइरहेको छ । यसैगरी मनहरी गाउँपालिका वडा नम्बर-१ र २ जोड्ने च्यापल खोलामा पनि पुल निर्माणको काम भइरहेको छ ।

पुल नहुँदा साविकको हाँडीखोलाका बासिन्दाले वर्षौंदेखि समस्या भोग्दै आएका थिए । बर्खायाममा हाँडीखोलाका नागरिक बिरामी परेको खण्डमा अस्पताल लैजान सकिन्नथ्यो । खहरेमा बाढी आएको समयमा बिरामी उपचारका लागि धामी झाँक्रीको भन्दा अर्को बिकल्प थिएन स्थानीयसँग । ५ बर्ष अघि र जैया-लामिटार जोड्ने गरी राप्तीखोलामा पुल बनेपछि स्थानीयले निकै राहतको अनुभूति गरेका छन् । अहिले मनहरी-३ र हेटौंडा-१९ सान्नानीटार जोड्ने गरी राप्ती खोलामा पनि पक्की पुल निर्माणको काम अन्तिम चरणमा पुगेको छ । आगामी असार मसान्तसम्मा यो पुल पनि सञ्चालनमा आउने सम्भावना छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत १४ गते बिहीबार २७ अप्रिल २०२३ । सप्तमी, वैशाख शुक्लपक्ष । बछलाध्व ११४३ ने.सं. । सूर्योदय ५:३१, सूर्यास्त ६:३४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सहयोग गर्ने भावना आउनेछ | **तुला** | : मित्रसंग विवाद हुनसक्नेछ |
| **वृष** | : यात्राको लागि सुखद देखिन्छ | **वृश्चिक** | : धन खर्च हुनेछ |
| **मिथुन** | : रमाइलोको समय रहेको छ | **धनु** | : भेटघाटमा समय बित्नेछ |
| **कर्कट** | : शरीरमा समस्या देखिन सक्नेछ | **मकर** | : सम्पत्तिको खचपच हुनेछ |
| **सिंह** | : सामाजिक प्रतिष्ठा बढ्नेछ | **कुम्भ** | : सुखभोगको समय रहेकोछ |
| **कन्या** | : सानातिना अवरोध आइरहनेछ | **मीन** | : आर्थिक लाभ मिल्नेछ |

# उपचुनावमा बजेको घण्टी र झङ्कृत सन्देश



डा. अतीन्द्र दाहाल

प्रतिनिधि सभाका लागि तीन वटा क्षेत्रमा उपनिर्वाचन सम्पन्न भयो । छिटपुट घटनाबाहेक तुलनात्मक हिसाबले निर्वाचन शान्तिपूर्ण बन्यो । चुनावको परिणामपछि भने निकै फरक परिदृश्यहरू सतहमा आउँदैछन् । यसलाई लिएर विभिन्न धारणा पनि बनाइँदैछ ।

निर्वाचन एउटा विशुद्ध प्राविधिक पक्ष हो । एकभन्दा धेरै व्यक्ति प्रतिस्पर्धामा रहन्छन् । कसैले जित्ने र अरू धेरैले हारलाई व्यहोर्नुपर्ने अवस्था स्वाभाविक हुन्छ । यद्यपि यी आम स्वाभाविक कोर्षबाट बाहिर जाँदै यस उपनिर्वाचनमार्फत नागरिकले सघन विद्रोहभाव पनि दर्शाएका छन् ।

आफूलाई देशको सबैभन्दा ठूलो र आम जनताले रुचाएको पार्टी भनेर हुङ्कार गर्ने सबै दलको लज्जास्पद पराजय निकै सन्देशपूर्ण छ । नयाँ पार्टीले रोमाञ्चक जित निकालेका छन् । दर्जनौं दलहरू मिलेर बनेको गठबन्धन पानी पिउन नसक्ने अवस्थामा पुगे ।

चित्त बुझाउनलाई त यो निर्वाचन परिणामले सरकार फेरिँदैन, यो आम निर्वाचन पनि होइन भन्न सकिएला, तर अहिले राजनीतिमा चलिरहेको हावाहुरीलाई नजरअन्दाज गर्न सकिन्न । यही अवस्था राजनीतिमा रहे २०८४ सालको आम निर्वाचनमा अधिकांश पुराना दलहरूले सुरुमै हात उठाउने अवस्था नआउला भन्न सकिन्न ।हिजोसम्म जेल बसेको, यातना भोगेको, आन्दोलनको नेतृत्व गरेको, विद्रोह उठाएको कुरा नेताको वञ्छनीय योग्यता मानिन्थ्यो । हामीले क्रान्ति गऱ्यो,

> पुराना दलहरूलाई उपनिर्वाचनको नतिजाले गतिलो सन्देश छाडेको छ । सदस्यता वितरण होइन, विज्ञता आकर्षण चाहिं अबको राजनीतिक आचरण र अभ्यास बन्नुपर्छ ।

राणाशासन ढलायौं, प्रजातन्त्र ल्यायौं, गणतन्त्र स्थापित गऱ्यौं भन्ने दलहरूको दाबा हुन्छ । यी आन्दोलनमध्ये धेरै अथवा कुनै पनि आन्दोलनलाई नदेखेको, नभोगेको र नजानेको पुस्ताको मतदाता संख्या अधिक भइसक्यो ।

अब नागरिकमाझ अहिले को कति लोकप्रिय छ, आफ्नो पेशा र क्षेत्रमा कति काबिल छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । आफू संलग्न क्षेत्रमा सक्षम मानिएको र अब्बल ठहरिएको निपूर्ण मानिस राजनीतिमा आऊन् भन्ने आशा बढेको छ । उनीहरूले कम्तिमा राज्यको ढुकुटीलाई आफ्नो जीवन निर्वाहको लागि दुरूपयोग गर्नुपर्दैन भन्ने मान्यता विकास भएको छ । उनीहरू जुन क्षेत्रमा दक्ष र विज्ञ छन्, उक्त क्षेत्रमा सघन प्रगति र पुर्ननिर्माण गर्नसक्छन् भन्ने विश्वास बढेको छ ।

हामीकहाँ जुलुस लगाएकै र ढुङ्गा हानेकै कुरालाई राजनीतिक सक्रियताको मानक मान्ने भुल्भुलैया बस्यो । अनि राजनीतिक अभ्यासमा रहेकै कारण सर्वज्ञान सम्पन्न हुने, उनीहरूले सबै थोक जान्ने, कसैसँग सरसल्लाह लिनुसमेत नपर्ने विचलन सुरु भयो ।

राजनीतिमा विज्ञ र दक्ष युवा आउनुपर्छ, राजनीति सत्तामुखी होइन, परिवर्तनमुखी बन्नुपर्छ भन्ने सत्य दलहरूले बिर्सदा नागरिकको निराशा विस्फोट हुन थाल्यो । आधारवर्गको हितलाई शिर ोपर गर्नुपर्ने अभिभारालाई नकार्दा दलहरूकै अवसानको आधार बन्न थाल्यो ।

अहिले पनि मतदातामा बहुदलीय प्रणालीप्रति समर्थन छ । राम्रा उम्मेदवार भएको खण्डमा नागरिकले समर्थन गरेका वा विजयी गराएका छन् । पटक/पटक निर्वाचित भए पनि अथवा राजनीतिक वृत्तको सघन चर्चा मै रहे पनि नागरिकबीच अपेक्षित कार्यसम्पादन गर्न नसक्दा निर्वाचन जितिँदैन भन्ने प्रमाणित भएको छ । बारम्बार परीक्षित, असफल र अनुपयोगी अनुहारहरूप्रति नागरिकमा उष्ण वितृष्णाभाव प्रस्फुटन हुन थालेको छ ।

अहिलेको राजनीति क्रान्तिकारी (रिभोलुसनरी) होइन सुधारात्मक (रिर्फरमेटिभ) अभ्यास र प्रयोगबाट मात्र सही बाटोमा हिंड्छ । अनुहार, दलीय अनुबन्धन, नेतृत्वको भजनकृतन अनि देवत्करणमा रमाउने र सत्तोसरापको बहाबमा बहनेहरूको अस्तित्व धरमराएको छ । नागरिक सेवामा दत्तचित्त रहँदै नागरिक पहिलो प्राथमिकता (सिटिजन फर्स्ट)को अवधारणालाई अवलम्बन गर्नेहरू मात्र अनुमोदित हुने राजनीतिक चरित्र निर्माण हुँदैछ ।

निर्वाचनमा टिकट दलले दिने हो, तर मत नागरिकबाट लिनुपर्छ । अब दलले आफूलाई बचाइराख्ने हो भने योग्य, दक्ष, युवा, काबिल व्यक्तिहरूलाई निर्वाचनमा प्रस्तुत गर्नुपर्छ । संगठन, सदस्यता, समिति, दलको प्रमुख नेता भनेर मात्र अब मत आउँदैन । सबै दल गरेर जम्माजम्मी २५ देखि ३० लाखको संख्यामा संगठित सदस्यहरू होलान् ।

एक करोड ८० लाख मतादातामा बाँकी १ करोड ५० लाख दलविहीन विशुद्ध मतदाता मात्र हुन् । सबै दलका कार्यकर्ता अथवा संगठित सदस्यताको सम्पूर्ण योगभन्दा मतदाता मात्रको अनुपात ५०० प्रतिशत बढी छ । उनीहरू संगठन जान्दैनन्, सदस्यता चिन्दैनन्, उम्मेदवार मन परे/नपरे पनि मत दिनुपर्छ भन्ने दलीय ह्विपमा बाँधिँदैनन् । दलको माथिल्लो तहको मान्छे उम्मेदवार भएपछि मरिमेटेर विजयी बनाउनुपर्छ भन्ने सम्झँदैनन् ।

त्यो ५०० प्रतिशतले बढी रहेको मतदाताको आकांक्षा र रोजाइमा राम्रा, योग्य, सम्भावना बोकेका र कार्यसम्पादन गर्नसक्ने व्यक्ति पर्छन् । त्यस्ता उम्मेदवार पुराना अथवा नयाँ जुनसुकै दलबाट पनि हुनसक्छन् । एकाइसौं शताब्दी जनआधारित (मास बेस्ड) राजनीतिको समय हो ।


राजनीतिक बहाब निर्माणमा संचारको प्रभाव अधिक रहन्छ । अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामाले आफ्नो पुस्तक 'एडासिटी अफ होप'मा यसलाई राम्ररी विश्लेषण गरेका छन् । खाली एकोहोरो रटान र आत्मरति भजाएर मात्र हुँदैन । पुराना दलहरूलाई उपनिर्वाचनको नतिजाले गतिलो सन्देश छाडेको छ । सदस्यता वितरण होइन, विज्ञता आर्कषण चाहिँ अबको राजनीतिक आचरण र अभ्यास बन्नुपर्छ ।

अब दलहरू सच्चिनुपर्छ । अहिलेका शीर्ष नेतृत्वले अभिभावकीय भूमिकामात्र निर्वाह गर्नुपर्छ । सक्रिय राजनीतिमा सक्षम र युवा पुस्तालाई अगाडि सार्नुपर्छ । अहिले रहेका लगभग सबै ठूला भनिएका दलका शीर्ष नेता राजनीतिक जीवनको उत्तरार्धमा छन् । संसद तथा पार्टीको अध्यक्षताका हिसाबले उनीहरूको यो अन्तिम इनिङ हो । विगतकै जस्तो नेतृत्व कौशल र आडम्बरलाई अवलम्बन गरे अब उनीहरूसँगै आबद्ध दलको पनि अन्त्य हुने जोखिम बढ्दो छ । आफू जाँदाजाँदै पार्टीलाई पुर्नजीवन दिन सकारात्मक र रचनात्मक अभ्यास गर्नुपर्छ । भित्री मनमा यही दबाव निर्माणको अभिलाषा राखेर नागरिक विद्रोह र विशेष गरी शहरकेन्द्रित विद्रोह सुरु भएको छ ।

नयाँले केही गर्लान् कि आशा परीक्षणकै चरणमा छ, तर पुरानाले किञ्चित गर्दैनन् भन्ने निरन्तर प्रमाणित भएको छ । त्यसैले तुलनात्मक रूपमा सचेत समूहले विद्रोहको बिगुल बजाएको छ । दल तथा नेतृत्वले यसको सन्देश विचरण गर्नुपर्छ । आफूलाई विनिर्माण गर्न विराट प्रयास लगाउनुपर्छ । दलहरू नबदलिए नागरिकले मत बदल्ने अठोट गरेको स्पष्ट देखिँदैछ । नेतृत्वले उदार हुँदै सम्मानजनक बहिर्गमन वा अवकाश रोज्नुपर्छ । त्यहाँ युवा र भिजन भएका नयाँ पुस्ताले सशक्त र सकारात्मक हस्तक्षेप गर्नुपर्छ । दलहरूसँग सक्किने वा सुनेमध्ये एउटैमात्र विकल्प बाँकी देखिन्छ ।

साभार: अनलाइनखबर

# आर्थिक मन्दी, नयाँ बजेट र नागरिक अपेक्षा



रिसव गौतम

आर्थिक वर्ष २०८०-८१ का लागि बजेट निर्माणको कार्य भइरहेको छ । बजेट बनाउन अर्थमन्त्रालय मताहातको टिम लागिरहेको छ । आम रूपमा बजेटका नीति कार्यक्रमका लागि सुझावसमेत मागिएको छ । यद्यपि आगामी बजेट यस्तो वा त्यस्तो हुनुपर्छ भनेर सार्वजनिक वृत्तमा खासै बहस हुन सकिरहेको छैन ।खास गरी चालु आर्थिक वर्ष २०८९-८० मा सरकारको राजस्व लक्ष्यभन्दा करिब आधा मात्र सङ्कलन भइरहेको अवस्था छ । तसर्थ बजेटमा नयाँ कार्यक्रम आउन नसक्ने भएकाले पनि त्यति उत्साह देखिँदैन । तर सरकारले चाहेमा बजेटमा धेरै सुधार गर्ने ठाउँहरू छन् । सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत फजुल खर्चहरू घटाउने, अनावश्यक एवं उपलब्धिहीन संस्थाहरू हटाउने, निर्माणाधीन आयोजनाहरूलाई नै प्राथमिकता दिने, आर्थिक मन्दी एवं राजस्वको बढ्दो चापलाई मध्यनजर गरेर कर्मचारीको तलब नबढाउनेलगायत धेरै विषयमा ध्यान दिन सक्नेछ ।

विश्वव्यापी आर्थिक मन्दीले खेपिरहेको, नेपालमै पनि आर्थिक सङ्कटहरू देखापर्न थालेको अवस्थामा सरकारसँग अहिले दुई विकल्प छन् । त्यो भनेको सरकारको आम्दानी कसरी बढाउने र फजुल सरकारी खर्च कसरी घटाउने भन्ने विषयउपर नीतिगत रूपमै अघि बढ्न जरुरी छ । केही वर्षदेखि सरकारको राजस्व आम्दानीले चालु खर्च नै धान्न मुस्किल हुन थालेको छ । करिब १० खर्ब हाराहारी राजस्व उठ्ने गरेकोमा यस वर्षको माघ मसान्तसम्ममा २ खर्बभन्दा ज्यादा राजस्व घाटा सरकारले व्यहोरिसकेको छ । चालु आर्थिक वर्षको राजस्व सङ्कलनको अवस्था हेर्दा आगामी वर्ष सरकारी कर्मचारीलाई तलबभत्ता खुवाउन नै ऋण गर्नुपर्ने हुन सक्छ । यस्तो अवस्थामा कर्मचारीको तलब ३४ प्रतिशतसम्म वृद्धि गर्नुपर्ने जस्ता सुझाव प्रधानमन्त्री समक्ष पुर्याइएका समाचार छन् । त्यो सुन्दा नै हास्यास्पद लाग्छ । एकातिर राजस्वले चालु खर्च धान्न नसक्ने अवस्था छ भने अर्कोतिर कर्मचारीको तलब वृद्धि गर्नुपर्ने लय नमिलेका कुरा हुन् । बरु कतिपय संस्थानमा भएका अनावश्यक कर्मचारीहरू हटाउनुपर्ने अवस्था छ ।

वास्तवमा अहिले आर्थिक मन्दीले पनि सरकारलाई अनावश्यक खर्च घटाउने अवसर प्रदान गरेको छ । वार्षिक अर्बौं स्वाहा हुने तर राज्यलाई कुनै किसिमको महत्त्वपूर्ण टेवा नदिने विभाग तथा कार्यालयहरू सरकारले बन्द गर्नुपर्छ । केही वर्षअघि प्रशासनविद् काशीराज दाहालको अध्यक्षतामा बनेको प्रशासन सुधार आयोग, अर्थशास्त्री डा. डिल्लीराज खनालको अध्यक्षतामा बनेको सार्वजनिक खर्च पुनरावलोकन आयोग र तत्कालीन मुख्यसचिव सोमलाल सुवेदीले तयार पारेका छुट्टाछुट्टै प्रतिवेदनले ५६ वटा विभागलाई घटाएर ३० देखि ३५ वटामा झार्न प्रस्ताव गरिएको हो । तर यसअघिका सर कारले त्यसलाई बेवास्ता गरेका कारण राज्यकोषमा अर्बौं व्ययभार घट्न सकेको छैन ।

डिल्लीराज नेतृत्वको आयोगले उचित प्रतिफल दिन नसक्ने, कर्मचारीहरूको तलबभत्ता, सवारीसाधन र कार्यालय मर्मतमा आर्थिक भार थपिरहेका, ब्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, भूमिगत जलस्रोत विकास समिति, कपास विकास समिति, राष्ट्रिय दुग्ध विकास बोर्ड, ग्रामीण खानेपानी तथा सरसफाइ कोष, केन्द्रीय कल्याण समिति, राष्ट्रिय युवा परिषद्, काठमाडौं उपत्यका विकास प्राधिकरण, सडक बोर्ड, रेल्वे कम्पनी, तारागाउँ विकास समितिलगायतका ३१ वटा कार्यालय तत्कालै खारेजी गर्नुपर्ने सुझाव थिए । ती संस्थाको खर्च धान्न मात्र बितेको ५ वर्षमा ४४ अर्बभन्दा बढी खर्च भएको सार्वजनिक तथ्याङ्क छ । आगामी बजेटले विभागहरू घटाउने वा एकअर्कामा गाभ्ने काम नगरे पनि अनावश्यक आर्थिक बोझ मात्र थोपरि रहका कार्यालय गाभ्न र खारेजी गर्न सक्नुपर्छ । आर्थिक मन्दी र राजस्व आम्दानी घटिरहेको परि प्रेक्ष्यमा सरकारलाई त्यस्ता कार्यालयहरू खारेजी गर्ने अवसर पनि अहिले छ ।

सरकारले हालै सार्वजनिक गरेको जनगणना २०७८ को तथ्याङ्कलाई मध्यनजर गरेर बजेट बनाउनुपर्छ । जनगणना २०७८ को ताजा तथ्याङ्कअनुसार अहिले ३४ वटा जिल्लाको जनसंख्या घटेको छ भने तराईका जिल्लामा जनसंख्या बढिर हेको छ । बागमती प्रदेश र मधेस प्रदेशको जनसंख्या बराबर (कुल जनसंख्याको २१-२१ प्रतिशत) भएको देखिएको छ । जनगणनाअनुसार पहाडबाट मानिसहरू क्रमश: तराईका जिल्लाहरूमा बसाइँ सरिरहेका छन् । विगतका बजेटमार्फत पहाडी भूभागमा बाटोघाटो तथा बिजुलीको आधारभूत विकासहरू पुऱ्याइए जोड गरिए । तर अहिलेको तथ्याङ्कले त्यहाँको जनसंख्या ओरालो लागेको, तराईतर्फ झरेको देखाएको छ । त्यसकारण नयाँ बजेटले जनघनत्वलाई केन्द्रमा राखेर बजेटको विनियोजन गर्नुपर्छ । जनसंख्या बढी भएका जिल्लाहरूमा बजेट बढाउन जरुरी छ । तथ्याङ्कले काम गर्न सक्ने मानिसहरू घनत्व बढिरहेको देखाएको छ । खास गरी युवाको घनत्व बढी देखाएको छ । त्यसकारण सरकारले युवालाई देशमै उद्यमी बनाउने, युवा श्रमशक्तिलाई देशकै विकासमा पसिना बगाउने संयन्त्र र कार्यक्रमसहितको बजेट निर्माण गरिनु जरुरी छ । हामीले युवाशक्तिको बाहुल्यता बढिरहेको अहिलेको अवस्थामा शीघ्र विकास निर्माण नगर्ने हो भने आउँदो २५-३० वर्षपछि नेपालको अधिक जनसंख्या बुढौलीतिर लम्कने विश्लेषण हुन थालेका छन् । विकासको स्वाद नै नचाखी नेपाल बूढो हुने जोखिम बढेको छ ।

त्यसैगरी आगामी बजेटले खर्च हुनसक्ने प्राथमिकता क्षेत्र छुट्याउन आवश्यक देखिन्छ । किनकि पुँजीगत खर्च हुन नसक्ने अवस्था आउनेगरी बनाइएको बजेटको खासै प्रभावकारिता हुँदैन । जस्तो कतिपय आयोजनाका लागि ठुलो रकम छुट्याइएको हुन्छ तर त्यसको वर्षभरिमा ५ प्रतिशत पनि खर्च हुँदैन । यसरी खर्च नै नहुँदा एकातिर राज्यको विकास निर्माण प्रक्रिया अलपत्र पर्छ । अर्कोतर्फ त्यही बजेटको अभावमा अपरिहार्य खालका विकास आयोजनाहरू अवरुद्ध हुन्छन् । सरकारी पैसा बैङ्कमै थुप्रने हुन्छ । त्यसकारण बजेटले यस तथ्यलाई ध्यान दिनुपर्छ । जुन जुन आयोजनाहरू विकासका दृष्टिले अति आवश्यक छन् । धेरै हदसम्म कामहरू भएर सम्पन्न हुने क्रममा छन् । ती आयोजनामा आवश्यक बजेट विनियोजन गर्न सरकार पछि हट्नु हुन्न ।

बजेट सन्तुलित, सामाजिक न्याय र समानतामा आधारित समावेशी हुनुपर्छ । बजेटले समग्र भूगोल मात्र होइन, आम मान्छेका आवश्यकतालाई सम्बोधन गर्न सक्नुपर्छ । अहिलेको आवश्यकता भनेको बजेटले तय गर्ने नीति कार्यक्रममाथि बहस छलफल चलाउनु आवश्यक देखिन्छ । मुलुकको आर्थिक विकासका लागि अहिले पनि अग्रणी क्षेत्र भनेको कृषि क्षेत्र नै हो । हालका वर्षहरूमा पनि कुल ग्राहस्त उत्पादन (जीडीपी)मा करिब २४ प्रतिशत योगदान राखेको कृषि क्षेत्रले २०५०-५२ सालतिर ५० प्रतिशतभन्दा पनि बढी योगदान राख्थ्यो । त्यतिबेला झन्डै ८५ प्रतिशत नेपाली कृषिमा निर्भर थिए । तर अहिले पनि ५७ प्रतिशतभन्दा बढी मानिस कृषि क्षेत्रमा संलग्न छन् । कृषि क्षेत्रमा जनताको निर्भरता घटेसँगै अर्थतन्त्रमा कृषिक्षेत्रको योगदानसमेत घटेको देखिन्छ । जुन अस्वाभाविक होइन । तर तथ्याङ्कहरूले अहिले पनि कृषि क्षेत्र नै नेपालको आर्थिक विकासको प्रमुख मेरुदण्ड भएको कुरा प्रमाणित गरेको छ । त्यसले कृषि क्षेत्रको सुधार र व्यावसायिकताबिना नेपालको गरिबी घट्ने र आर्थिक स्तर वृद्धि गर्ने विषयमाथि कल्पनासम्म गर्न सकिँदैन । कृषि उत्पादनलाई बढावा दिएर वैदेशिक व्यापारघाटा न्यून गर्ने नीति सरकारले प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेको छैन । वार्षिक अर्बौंको कृषिउपज नेपालले विदेशबाट आयात गरि रहेको छ ।

देशको बहुसंख्यक जनताको प्रमुख पेसा कृषि क्षेत्र हुँदाहुँदै कृषिजन्य वस्तुहरू नै विदेशबाट आयात गर्नुपर्ने विडम्बनाले हाम्रो कृषि क्षेत्र असफल हुँदै गएको पुष्टि हुँदैछ । त्यसले गर्दा अबको बजेट कृषिक्षेत्रको विकास एवं विस्तार गर्ने सोच र कार्यक्रमसहित ल्याइनुपर्छ । कृषिमा सरकारले बजेट बढाउनुपर्छ ।

संसारका उदाहरणहरू हेर्ने हो भने कृषि क्रान्तिले नै आर्थिक रूपमा धेरै मुलुक अगाडि बढिसकेका छन् । ब्राजिल, भियतनाम, छिमेकी भारत, चीन, इजरायल, कोरिया कृषिकै विकासको जगमा समृद्धिको यात्रा अघि बढाएका हुन् । भारतको अर्थतन्त्रमा अहिले पनि ग्रामीण क्षेत्रको योगदान कुल जीडीपीको आधाभन्दा बढी छ । त्यो भनेको मुख्यत: कृषि क्षेत्रकै देन हो । कृषि क्षेत्रकै विकास र प्रगतिको जगमा कुनै पनि देश औद्योगिक क्षेत्रमा प्रवेश गरेको पाइन्छन् । कृषिप्रधान देश ब्राजिलले अहिले ६० प्रतिशतभन्दा बढी औद्योगिक वस्तु निर्यात गर्दै आएको छ । हाल ब्राजिल विश्वको पाँचौं ठुलो अर्थतन्त्रका रूपमा पनि अगाडि आइसकेको छ । विश्वको जनसंख्या साढे ८ अर्ब नाघिसकेको, कतिपय अफ्रिकी तथा एसियाली मुलुकहरूमा करोडौं मानिसले खाद्य सङ्कट र भोकमरीजस्ता महामारी झेलिरहेको र नेपालमै पनि दुर्गमका करिब १६ लाख जनताले बर्सेनि भोकमरीको पीडा झेल्दै आएका छन् । यस्तो अवस्थामा कृषि क्षेत्रको सुधार र कृषि उपजको उत्पादन वृद्धि गर्ने लक्ष्यजस्तो उपयुक्त लक्ष्य बजेटका लागि केही हुनै सक्दैन ।

> सरकारले हालै सार्वजनिक गरेको जनगणना २०७८ को तथ्याङ्कलाई मध्यनजर गरेर बजेट बनाउनुपर्छ। जनगणना २०७८ को ताजा तथ्याङ्कअनुसार अहिले ३४ वटा जिल्लाको जनसङ्ख्या घटेको छ भने तराईका जिल्लामा जनसङ्ख्या बढिरहेको छ ।

नेपालमा औसत ७-८ प्रतिशतमाथिको मूल्यवृद्धि कायम रहनु उत्पादनमा आएको ह्रास, कृषि क्षेत्रबाट दक्ष जनशक्तिको पलायन र पर निर्भरता बढ्नुले नै हो । अबको बजेटमा सरकारले बेरोजगार युवालाई दैनिक उपभोग्य कृषिजन्य वस्तुको उत्पादन बढाउन आकर्षक कार्यक्रममा संलग्न गराउने हो भने यस्ता वस्तुमा हुने आयात प्रतिस्थापन हुनुको साथै अर्बौं रुपैयाँ विदेशिनेबाट जोगिनेछ । अर्कोतर्फ रोजगारीको स्तरमा वृद्धि हुनुको साथै राष्ट्रिय आम्दानीमा समेत वृद्धि हुनेछ ।

अर्थतन्त्रमा देखिने समग्र असन्तुलनको प्रभाव न्यूनीकरणका लागि देश आत्मनिर्भर हुनुपर्ने देखिन्छ । जल, जंगल, जमिन, जनशक्ति, जडीबुटी लगायतका अमूल्य जडित स्रोत-सम्पदाको उपयोगले मात्रै नेपालको समृद्धि निर्धारण गर्ने देखिन्छ । कृषि क्षेत्रबाहेक अन्य क्षेत्रमा केही गर्न सकिँदैन भन्ने होइन । तर अन्तर्राष्ट्रिय बजार, नेपालको भूगोल, वर्तमान परिस्थितिलगायत यावत चिजहरूको तुलनात्मक अध्ययनले नेपालको समूल परिवर्तनको दरिलो खुड्किलो कृषि क्षेत्रलाई नै दर्साउँछ ।

तसर्थ प्रचण्ड सरकारले नयाँ बजेटमा अनावश्यक खर्च घटाउने र कृषिमा अवसर सिर्जना गर्ने बजेट ल्याउन जरुरी छ ।

*(साभार: रातोपाटी)*

# सामाजिक आक्रोशको लाभांश घण्टीलाई



काठमाडौं/समाजमा एकतमासको आक्रोश छ अहिले । किन हो मान्छेहरू रिसाएका छन् । चिया पसलदेखि मोबाइलको भित्तोसम्म । अझ राजनीतिको संस्थापनसँग त झन् धेरै रिसाएका छन् मान्छे । यो मेसोमा भएको उपचुनावमा रवि लामिछाने र उनको दलले बाजी नै मार्‍यो । पुराना भनिने दलहरूमाथि व्यक्त एकप्रकारको आक्षेपको मनोविज्ञानबीच कसरी हो उपेन्द्र यादवले चाहिँ मंगलबार साँझसम्म फराकिलो अग्रता कायम राखेका छन् ।

यो उपचुनाव कसैलाई प्रतिष्ठाको बिषय थियो भने त्यो राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष रवि लामिछानेका लागि थियो । आफू जित्नु थियो अनि तनहुँ जिताउनु थियो । बारामा उपस्थिति जनाउनु थियो । उनले त्यो काम फत्ते गरे । केही महिना अघि उदाएको यो पार्टीले आगामी २०८४ सालको आम चुनावमा कस्तो गर्छ अहिल्यै भन्न सकिन्न । तर, यो उपचुनावको परिणामले आगामी निर्वाचनमा ऊ पनि सत्ताको नेतृत्व गर्ने हदसम्मको हैसियत राख्छ भन्ने मनोविज्ञान चाहिँ प्रवाह गर्न सफल भएको छ । एउटा उदीयमान राजनीतिक दलका लागि यो चानचुने उपलब्धि होइन ।

उपनिर्वाचनमा रविले भव्य रूपमा आफू मात्रै जितेनन्, स्वर्णिम वाग्लेलाई पनि उस्तै जित निकाल्न सघाए । आफूले पहिलेभन्दा धेरै मत ल्याए । परम्परागत रूपमा नेपाली कांग्रेसको बलियो क्षेत्र मानिने ठाउँबाट स्वर्णिमलाई जिताए । एउटा विज्ञ 'प्रोफेसनल' पार्टीमा भित्र्याएको उपलब्धि तत्कालै देखियो । त्योभन्दा पनि ठूलो कुरा उनले जिल्ला जिल्लामा मौका नपाएर खुम्चिएका कांग्रेस कार्यकर्ता पंक्तिलाई 'धेरै दबिएर बस्नु पर्दैन' भन्ने मनोवैज्ञानिक सन्देश पनि दिए । हुन पनि मुलुकमा कुनै यस्तो जिल्ला नहोला, जहाँ आफूलाई उपेक्षित ठान्ने कांग्रेसजन नभेटियोस् ।

सुन्दै चर्को लाग्ने कुरा राष्ट्रपतिको आँगनमा कांग्रेस हार्‍यो । तुलनात्मक रूपमा योग्य र इतिहास भएको उम्मेदवार हुँदाहुँदै पनि गोविन्द भट्टराईले गएको चुनावमा कांग्रेसले पाएको भोट पनि जोगाउन सकेनन् । रामचन्द्र पौडेललाई जिताएर मुलुकको एक नम्बर नागरिकको पुरस्कार पाउने यो जिल्लाले यसपटक रुख होइन घण्टी रोज्यो । यसको दीर्घकालीन प्रभाव हुनेछ । राजनीति अब कसैको बिर्ता र पुरस्कारका भर मा मात्रै चल्दैन । अब दाजु भाउजुको पुरस्कार र बिर्ता लामो समय कांग्रेस राजनीतिको अंग हुनसक्दैन । तर, अगावै उथलपुथल नभए त्यसका लागि कम्तिमा २०८४ सालसम्म पर्खिनु पर्छ ।

बारा-२ को चुनावमा बाहेक यसपटक एमाले उम्मेदवारहरू आफ्नै बलमा चुनाव लडिरहेका थिए । दल एकप्रकारले रमिते जस्तै थियो । सामाजिक पुँजी कमजोर भएका केही व्यक्तिको सार्वजनिक खपतका लागि भएको उपस्थिति बाहेक एमालेका कुनै नेताले यो चुनावको बलियो स्वामित्व नै लिएका थिएनन् । परिणाम पनि त्यही स्तरमा देखिइसकेको छ । चितवन र तनहुँमा गएको चुनावमा भन्दा एमालेको भोट उल्लेख्य मात्रामा घटेको छ । अझ तीनै क्षेत्रमा ऊ कतै पनि जित्नु त परै जाओस्, निकटतम प्रतिस्पर्धीसम्म समेत भएन ।

यो उपचुनावमा कसैले केही गरे त रवि लामिछानेले गरे । आफू जिते, स्वर्णिम जिताए, रमेश खरेल मार्फत मधेशमा उपस्थिति जनाए । अझ महत्वपूर्ण पक्ष गठबन्धन र विपक्षी एमालेलाई एकैपटक हराए । चुनावको मुखमा बन्नै लागेको रविविरुद्ध कांग्रेस-एमाले गठबन्धन बिथोलिए पनि भावनात्मक रूपमा यो चुनाव रविविरुद्ध बाँकी दल जस्तै थियो । औपचारिक रूपमै गठबन्धन बनेको भए पनि अहिलेको परिणाममा तात्विक अन्तर हुने थिएन भन्ने परिणामले देखाएको छ ।

यो निर्वाचनको अर्को रोचक पक्ष माओवादी पार्टी र त्यसका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड हुन् । कुनै समय मुलुक हल्लाउने र हाल सत्ता गठबन्धनका तर्फबाट सरकारको नेतृत्व गरिरहेको पार्टी नेकपा माओवादीका लागि यो चुनावको खासै अर्थ थिएन । संगठन, संरचना र जनपरिचालनका हिसाबले पनि उसलाई चुनावै लागेन । तीन तीन क्षेत्रको चुनावमा सत्ताको नेतृत्व गरिरहेको दलको यतिविध्न कमजोर संलग्नता उसको कुनै रणनीतिक चलाखी नभएर सान्दर्भिकता सकिँदै गएको दृष्टान्त थियो ।

उपेन्द्र यादव, राजेन्द्र महतो जस्ता नेताले कुनैबेला पटकपटक प्रयोग गर्ने 'मधेशवाद' मधेशकै राजनीतिमा अहिले धेरै धमिलो भएको छ । यसै कारण होला मधेशवादी दलहरूले पनि आफ्नो आकर्षण गुमाउँदै गएका छन् । कुनै बेला मधेश मुद्दाको नेतृत्व गर्ने उपेन्द्र यादव आज सत्ता गठबन्धनको आडमा सिके राउतको उम्मेदवार हराउन प्रयासरत छन् । नतिजा यादवका पक्षमा गयो भने पनि प्राय: नरम भाषामा बोल्ने राउत मधेश राजनीतिको केन्द्रमा पुग्दैछन् भन्ने यो चुनावले पनि पुष्टि गर्दैछ ।

चुनाव परिणाम र त्यसका वरिपरिका तत्कालिक पक्षहरू यी हुन् । तर, यो उपचुनावको परिणामले नेपाली राजनीतिमा दीर्घकालीन प्रभाव पनि छाड्ने छ । तीन-तीन पूर्वप्रधानमन्त्रीहरूले एउटै मञ्च प्रयोग गरेर जनतासँग बाचा गरेको, त्यसमाथि थपिएर वर्तमान प्रधानमन्त्रीले त जिताएर पठाए मन्त्री बनाउँछु भनेका उम्मेदवारलाई मतदाताले अस्वीकार गरेका छन् । यसको सोझो अर्थ के हो भने चितवन र तनहुँका जनताले घण्टीलाई जिताएका मात्रै होइनन्, शक्तिसहित ओलिएको वर्तमान सत्ता गठबन्धनलाई अस्वीकार गरेका पनि हुन् ।

त्यसैगरी सत्ता गठबन्धनसँग असन्तुष्ट मत विपक्षीले लैजाने सामान्य ससंदीय मान्यताविपरीत प्रमुख विपक्षी दलका उम्मेदवारलाई पनि मतदाताले उत्तिकै हदसम्म अस्वीकार गरेका छन् । यदि यसलाई एउटा घटना नमानेर प्रवृत्ति मान्ने र आउँदा केही वर्षसम्म यो कायमै हुने हो भने यसलाई आगामी निर्वाचनको सांकेतिक परिणाम पनि मान्न मिल्छ । समाजमा आक्रोश किन बढ्दो छ ? खेतको उत्पादन र बारीको सागले जीवन चलाइरहेका ठूलो संख्याका सर्वसाधारणलाई 'नेपाल श्रीलंका बन्दैछ/छैन' चिया पसलमा सुन्ने र फेसबुकको भित्तामा हेर्ने बिषय मात्रै हो । तर, चितुवाले खोरमै आएर बाख्रा खाएको, बाँदरले अन्न लगेर भकारी रित्तिएको, लघुवित्तको ऋण तिर्ने सूचना दैलोमाथि टाँसिएको, छोरा विदेश पठाउँदाको सापटीमा मिटर ब्याज चढेको पीडा देशका प्रमुख पार्टी र तिनका स्थानीय संरचनाको प्राथमिकतामा पर्दै परेनन् । उल्टो यिनै दलका कतिपय नेताहरू यो कुकर्ममा संलग्न छन् । 'केही नभए श्रीमतीको तिलहरी धरौटी राखेर पनि यो काम फत्ते गर्छु' भन्न सक्ने लोग्नेहरू अब गाउँमा भेटिँदैनन् । किनकि लघुवित्तले त्यो तिलहरी कहिले लग्यो कहिले । लघुवित्त र मिटरब्याजीका कारण आमाहरूका नाक, कान खाली हुँदै गएका छन् ।

नेपाली समाजमा लाखौंले भोग्ने यी व्यथाहरूको पृष्ठभूमिमा रवि लामिछानेले यो उपचुनाव जितेका हुन् । हो, संरचना परिवर्तन र प्रणाली स्थापना गर्ने काम नगरी कुनै जादुमयी नेतृत्वले यी समस्या समाधान गर्न सक्दैन । त्यसैले अहिलेका कपितय लोकप्रिय चुनावी वाचा आगामी दिनमा रवि र उनको दलका लागि समस्या हुनेवाला छ । आठ दशक लामो इतिहास र राजनीतिक वैधता भएका पुराना दलहरूका अगाडि पुगनपुग एक वर्ष मात्रै इतिहास भएको राष्ट्रिय स्वतन्त्र पार्टीको यो चमत्कार उल्लेखनीय छ । तर, राजनीतिमा वर्चस्व सधैं दिगो हुँदैन भन्ने उदाहरण त राजा ज्ञानेन्द्र र माओवादी नै पर्याप्त छन् । आफ्ना अगाडिका यी निकट विगतबाट सिक्ने कि नसिक्ने इच्छा रविको ।

यसपटक कांग्रेस, एमाले र माओवादीप्रतिको रोष मत मार्फत जनताले घण्टीमा खन्याएका हुन् । बहुदलीय व्यवस्था स्थापनाको तीन दशकमा देश भ्रष्टाचारमा उकालो लाग्ने तर अपवाद बाहेक प्रमुख राजनीतिक दलका कुनै पनि नेतामाथि छानबिनसम्म पनि नहुने अवस्था बन्यो । अझ घुस लिनु नेताको स्वाभाविक काम मानिने सामाजिक मान्यता स्थापित हुने परिस्थिति बन्दै गएपछि आजित पुराना मतदाताले चुनाव चिह्न फेरेका हुन् । तिनको निकटविगत देखेसुनेका नयाँ मतदाताको समर्थन रवितिर देखिएको हो । त्यस अर्थमा यो उपनिर्वाचनसम्म आइपुग्दा रविले पाएको समर्थन मूलत: समयको आक्रोशको लाभांश हो ।

(स्रोत: अनलाइनखबर)

# 'हल्कारा'को गीतमा प्रकाश सपुत र देवी घर्तीको आवाज




काठमाडौं/बैशाख २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'हल्कारा'को 'जीवन कठै बरी' बोलको गीत सार्वजनिक गरिएको छ । प्रकाश सपूत र देवी घर्तीको आवाज रहेको गीतमा गायक सपूतकै शब्द रचना तथा संगीत छ । गीतले वैदेशिक रोजगारीले निम्त्याएको पीडालाई दर्शाएको छ । यो गीतलाई फिल्ममा कथावाचनको रुपमा प्रयोग गरिएको निर्देशक विक्रम सापकोटाले जानकारी दिए ।

गाउँमा चिठ्ठी पुर्‍याउने हल्काराको माध्यमबाट वैदेशिक रोजगारीले नेपाली समाजमा पारेको प्रभावको कथालाई फिल्मले उठाएको छ । फिल्म पूर्ण रुपमा 'कमर्शियल' तथा मनोरञ्जनात्मक कथानक फिल्म रहेको निर्देशक सापकोटाले बताए । फिल्ममा अभिनेता महेश त्रिपाठीले हल्कारा (हुलाकी)को चरित्र निर्वाह गरेका छन् । महेशको अपोजिटमा अभिनेत्री बिनिता थापा मगर प्रस्तुत छिन् ।

कालीपार स्टुडियोले निर्माण गरेको फिल्ममा आइसफल प्रोडक्सनले सहकार्य गरेको छ । फिल्मका लेखक तथा सम्पादक निर्देशक सापकोटा स्वयं हुन् । यसमा विप्लव प्रतीक र आकाश बरालले सह-लेखन छ । महेश र बिनितासँगै शारदा गिरी, रोशनी कार्की, पशुपति राई, उमेश तामाङ्ग, विद्या कार्की, प्रकाश दाहाल, बिष्णुभक्त अधिकारी, दीपक क्षेत्रीलगायतको पनि अभिनय रहेको छ ।

यो फिल्मले 'वर्ल्डफेस्ट ह्युस्टन फिल्म फेस्टिभल २०२२'मा सर्वश्रेष्ठ फिल्मको अवार्ड प्राप्त गरेको थियो भने यही फेस्टिभलमा महेश त्रिपाठीले उत्कृष्ट अभिनेता र चिन्तन राजभण्डारीले उत्कृष्ट सिनेमाटोग्राफी अवार्ड जितेका थिए । हालै फिल्मको टिमले चिठ्ठी लेखन प्रतियोगिता घोषणा गरेको छ । प्रथम हुने चिठ्ठीले ५० हजार, द्वितीय पुरस्कार तीस हजार र तृतीय पुरस्कार २० हजार प्राप्त गर्नेछ ।

# 'प्रसाद २'को अस्तव्यस्त प्रिमियर

काठमाडौं/आफैंमा अस्तव्यस्त भएको फिल्म हो, 'प्रसाद २' । छायांकन नहुँदैदेखि विभिन्न लफडामा फस्यो । कहिले निर्देशक फेरिने, कहिले कलाकारले फिल्म छाड्ने, कहिले निर्माता परिवर्तन हुने, कहिले छायांकनमा गएर पनि छायांकन नहुने जस्ता घटनाले फिल्म झमेलै झमेलामा फसेको थियो । दोस्रो पटकमा जेनतेन फिल्मको सुटिङ सकियो । तर, लफडा सकिएन । अदालतसम्म फिल्म तानियो ।

अब बैशाख १५ गतेबाट फिल्म प्रदर्शन हुँदैछ । तर, लफडा ज्यूँकात्यूँ छ । एकातिर बैंकिङ कसूर को मुद्दामा अदालतबाट पक्राउ पूर्जी जारी भएपछि निर्माता सुभाष थापा फरार छन् । अर्कोतिर छायांकन भएको ठाउँका स्थानीयदेखि प्राविधिकसम्मले पूरा पैसा पाएका छैनन् । यसका बावजूद सोमबार फिल्मको प्रिमियर गरियो । तर, नामको मात्र थियो प्रिमियर, माहोल त पूरै अस्तव्यस्त ।

प्रिमियरका लागि काठमाडौंको कमलपोखरीस्थित बिग मुभिजको साढे तीन सय सिट क्षमताको एउटा हल 'बुक' गरिएको थियो । तर, सिट क्षमताभन्दा दोब्बर अतिथि पुगेका थिए । फिल्म सुरु नहुँदै सबै सिट भरिए । अनि, अतिथिहरु अप्ठ्यारो मान्दै हलको सिढीमा बस्न बाध्य भए । हलभित्र यस्तोसम्म दृश्य देखियो कि सिढीमा बस्ने ठाउँ नभएर कतिले उभिएर समेत फिल्म हेरेका थिए ।

प्राय: प्रिमियरमा अतिथिलाई भेडा-बाख्रा जसरी एउटै हलमा कोचेर फिल्म देखाइन्छ । फिल्मकै सदस्यहरु सातपुस्ते आफन्त लिएर प्रिमियरमा पुग्छन् । अनि, जसबाट तारिफ सुन्नका लागि प्रिमियर राखिन्छ, उनीहरु नै हलको सिढीमा बसेर फिल्म हेर्न बाध्य हुन्छन् । निर्माता/निर्देशकले पनि सिट क्षमताभन्दा बढीलाई निमन्त्रणा गर्छन् । 'प्रसाद २'को प्रिमियर भद्रगोलको एउटा नमुना बनेको छ ।

त्यस्तै, पैसा नपाएका फिल्मका प्राविधिकहरु प्राविधिक संघका अध्यक्ष पुष्कर लामालाई लिएर प्रिमियरमा पुगेका थिए । उनीहरु फिल्म चल्न नदिने भन्दै आक्रोशित देखिन्थे । प्राविधिकहरुले प्रिमियरको माहोल विगार्ने देखेपछि वितरक गोपालकाजी कायस्थ र निर्देशक सुदर्शन थापा हलको एउटा कुनामा छलफल गरिरहेका थिए । निर्माताले प्राविधिकहरुको ११ लाख बढी तिर्न बाँकी छ ।

प्रिमियरमा आँखा बिझाउने अर्को एउटा दृश्य थियो, जहाँ सेलिब्रेटीका लागि फोटो खिच्ने ठाउँको छेउमै राखिएको स्ट्यान्डी प्लेक्समा प्रदर्शन मिति फोटोकपी पेपरमा प्रिन्ट गरेर टाँसिएको थियो । त्यसले प्रिमियरको माहोललाई नै गिज्याएको थियो । चैत २४ गतेबाट फिल्म सरेपछि त्यहीबेलाको पोस्टरलाई प्रयोग गर्दै फोटोकपी पेपरमा नयाँ प्रदर्शन मिति प्रिन्ट गरेर पुरानो मिति छोपिएको थियो ।

जे होस्, प्रिमियरको माहोल भद्रगोल र अस्तव्यस्त भए पनि फिल्मले सेलिब्रेटीहरुबाट गज्जबको प्रतिक्रिया प्राप्त गर्‍यो । फिल्मको विषयवस्तु, प्रस्तुतिकरण, कलाकारको अभिनय, छायांकन, ब्याकग्राउन्ड स्कोर आदि पक्षको अतिथिहरूले खुलेर प्रशंसा गरेका थिए । हुन त प्रिमियर प्रशंसा सुन्नको लागि नै आयोजना गरिन्छ । प्रिमियरमा फिल्मको कसैले कमजोरी औंल्याएको इतिहास छैन ।

# सेन्सर पास भएन 'काँडेतार', नवल भन्छन्, 'अदालत जान्छु'

काठमाडौं/नेपाल-भारत सीमामा काँडेतार लगाउनुपर्ने मुद्धा उठाएको फिल्म 'काँडेतार'लाई केन्द्रीय चलचित्र जाँच समितिले सेन्सर सर्टिफिकेट दिनबाट रोकेको छ । सोमबार सेन्सर बोर्डका सदस्यहरुले फिल्म हेरेपछि केही संवाद र दृश्यहरुमा आपत्ति जनाउँदै सर्टिफिकेट नदिएको निर्देशक तथा निर्माता नवल खड्काले बताए । सेन्सर सर्टिफिकेट प्राप्त भएपछि मात्र फिल्म हलमा प्रदर्शन गर्न पाइन्छ ।

नवलले भने, 'सेन्सर बोर्डसँगको कुराकानीमा कुनै पनि दृश्य र संवादमा कैंची नचलाई फिल्म प्रदर्शन गर्न मैले अनुरोध गरेको छु । आशा छ, सरकारले जनताको देशभक्तिपूर्ण भावनालाई बुझेर प्रदर्शन गर्नका लागि सर्टिफिकेट दिनेछ । नदिएको खण्डमा न्यायका खातिर म अदालत जानेछु । हामी फिल्मका कुनै पनि दृश्य तथा संवादहरू नकाटिकन नै जस्ताको त्यस्तै दर्शकसामु पुर्‍याउनेछौं ।'

खुला सीमाका कारण भैरहेका अपराध, नागरिकमाथिको अत्याचारविरुद्धको प्रतिरोधमा फिल्म आधारित रहेको निर्देशक खड्काले बताए । एक हप्ताअघि सार्वजनिक शीर्ष गीतमा समावेश दृश्यपछि फिल्म सेन्सरमा रोकिन सक्ने धेरैको आँकलन थियो । गीतमा नेपाल-भारत सीमामा काँडेतार लगाउनु पर्ने सन्देशसहित नेपालको भूमि हडप्न भारतीय सेनले गरेको प्रयासलाई देखाइएको थियो ।

फिल्ममा निर्देशक नवल स्वयंको मुख्य भूमिका छ । कथा लेखन पनि उनकै हो । उनीसँगै गौरव पहारी, रेविका गुरुङ, सुरविना कार्की, मुरलीधर, प्रेम सुब्बा, परशुराम चौधरी, सञ्जय खतिवडा, राजेन्द्र भगत, पन्नालाल सिकदार, प्रकाश गिरी, बाल कलाकारहरु नादिया खड्का, सनया खड्कालगायतको पनि फिल्ममा अभिनय रहेको छ । 'काँडेतार'लाई सौरभ लामाले छायाँकार गरेका हुन् ।

# गण्डकीमा मुख्यमन्त्री कांग्रेसलाई, माओवादीमा असन्तुष्टि



कास्की/गण्डकी प्रदेशको नेतृत्व पहिला कसले गर्ने भन्नेमा कांग्रेस र माओवादी केन्द्रबीच विवाद भएको छ । यसअघि कांग्रेस र माओवादीले आलोपालो नेतृत्व गर्ने सहमति भए पनि पहिलोपटक नेतृत्व कसले गर्ने भन्ने प्रतिस्पर्धा थियो । तनहुँ-१ को उपनिर्वाचनमा गठबन्धनबाट आफ्नो उम्मेदवार उठाएकाले कांग्रेसले प्रदेशमा पहिलो नेतृत्व माओवादीलाई दिने अनौपचारिक सहमति गरेको थियो ।

तर, पहिला माओवादीलाई नेतृत्व दिन नहुने भन्दै केही कांग्रेस सांसद सोमबार पार्टी केन्द्रीय कार्यालयमा डेलिगेशन गएपछि विवाद बढेको हो । असन्तुष्ट माओवादी नेता पनि मंगलबार प्रधानमन्त्री तथा पार्टी अध्यक्ष पुष्पकमल दाहाललाई भेट्न काठमाडौं पुगेका छन् । माओवादी संसदीय दलका नेता एवं पूर्वमन्त्री हरिबहादुर चुमानले सहमति उल्टिएपछि अध्यक्ष भेट्न काठमाडौं आएको बताए । कांग्रेस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डे भने आफू मुख्यमन्त्री बन्ने भएपछि मंगलबार हिउँसो पोखरा फर्किएका छन् । एमालेका खगराज अधिकारी नेतृत्वको सरकारले शनिवार विश्वासको मत नपाएपछि पाण्डे मुख्यमन्त्रीको दावी गर्दै आइतबार काठमाडौं गएका थिए ।

कांग्रेसले मुख्यमन्त्री पाउने निर्णय भएपछि प्रदेश प्रमुख पृथ्वीमान गुरुङले मंगलबार तीन दिनभित्र सरकार गठनका लागि बहुमतले दावी पेश गर्न आह्वान गरेका छन् । संविधानको धारा १६८ को उपधारा २ अनुसार एउटा दलको बहुमत नपुग्ने भएपछि दुई या दुई भन्दाधेरै दलको सहभागीतामा बहुमतको सरकार गठनका लागि दाबी पेस गर्न सकिने व्यवस्था छ । गण्डकीमा आलोपालो सरकार बन्ने भएकाले प्रदेश प्रमुखले सोही अनुसार आह्वान गरेको प्रेस संयोजक माधव रेग्मीले बताए । सरकार गठनका लागि कांग्रेस, माओवादी केन्द्र र स्वतन्त्र सांसदको गठबन्धन छ ।

कांग्रेस संसदीय दलका नेता पाण्डेले माओवादी केन्द्रसँग छलफल गरेर सरकार गठनका लागि बहुमतसहित दाबी पेस गर्ने बताए । '३१ जना सांसदको हस्ताक्षर संकलन गरेर बुधबार प्रदेश प्रमुखसमक्ष दाबी पेस गर्छौं' उनले भने । पाण्डेले सरकार गठनपछि मात्रै मन्त्रालयको भागबन्डा लगाउने बताए । उनले सरकार गठन पनि आफ्नो हातमा नरहेको बताउँदै भने, 'हरेक निर्णय केन्द्रको हो । केन्द्रले जे निर्णय गर्छ हामी त्यही मान्ने हो । अहिलेलाई मन्त्रालय बाँडफाँटको काम भएको छैन ।' चुमानले भने काठमाडौंबाट फर्किएपछि मात्र सरकार गठनका लागि दाबी पेस गरिने बताए । 'तीन दिनको समय छ,' उनले भने, 'बुधबार मिलेन भने बिहीबार पेस गर्छौं ।'

गत पुस २५ मा एमाले, माओवादी र राप्रपाको साथमा एमालेका खगराज अधिकारीको नेतृत्वमा सरकार बनेको थियो । पुस २९ मा विश्वासको मत प्राप्त गरेको एमाले नेतृत्वको सरकारले पुन: दोस्रोपटक वैशाख ९ मा विश्वासको मत लिएकोमा नपाएपछि अधिकारी पदमुक्त भएका थिए । राष्ट्रपति निर्वाचनलाई लिएर सत्ता समिकरण फेरिएपछि गण्डकीमा माओवादीले सरकारलाई दिएको समर्थन फिर्ता लिँदै माओवादीबाट सरकारमा सहभागी दुई मन्त्रीले सामूहिक राजीनामा दिएका थिए । (स्रोत: ई-कान्तिपुर)

# बारा-२ मा जसपा अध्यक्ष उपेन्द्र यादव विजयी



बारा/प्रतिनिधिसभा सदस्य उपनिर्वाचनमा बारा-२ बाट जनता समाजवादी पार्टीका अध्यक्षसमेत रहेका उपेन्द्र यादव विजयी भएका छन् । यादवले निकटतम् प्रतिस्पर्धी जनमत पार्टीका उम्मेदवार शिवचन्द प्रसाद कुशवाहालाई ५ हजार ८१ मतले पराजित गरेका हुन् ।

जिल्ला निर्वाचन कार्यालय बाराका प्रमुख सरोजकुमार चौधरीका अनुसार विजयी उम्मेदवार यादवले २८ हजार ४ सय १५ मत पाउँदा कुशवाहाले २३ हजार ३ सय ३४ मत पाए । त्यस्तै तेस्रो स्थानमा रहेका एमालेका पुरुषोत्तम पौडेलले १० हजार २ सय १६ मत प्राप्त गरेका छन् ।

पूर्वडीआईजीसमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका रमेश खरेल भने प्रतिस्पर्धामा पछि रहे । उनले २ हजार ८ सय २९ मत मात्र प्राप्त गरेका छन् । उनीपछि रहेका आम जनता पार्टीका उम्मेदवार अरुणकुमार झवालीले २ हजार ७ सय ३८ मत प्राप्त गरेका छन् ।

त्यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार सोनालाल साहले ११९ मत प्राप्त गरे । नागरिक उन्मुक्ति पार्टीका कमरुल्लाह अन्सारीले १ सय ९ मत पाउँदा नेपाल मजदुर किसान पार्टीका उम्मेदवार मुक्ति यादवको पोल्टामा ६० मात्रै मत पर्‍यो ।

बारा-२ मा कुल ६९ हजार १ सय ७ मत खसेको थियो । बारा-२ मा मुख्य प्रतिस्पर्धामा रहेका ५ उम्मेदवारमध्ये ४ जना यसअघि मंसिर ४ मा पराजित उम्मेदवार हुन् । उपेन्द्र यादव सप्तरी-२ मा जनमत पार्टीका अध्यक्ष सीके राउतसँग पराजित भएका थिए ।

शिवचन्द्र प्रसाद कुशवाहा र अरुणकुमार झवाली बारा-२ बाट पराजित उम्मेदवार हुन् भने रमेश खरेल भने काठमाडौं-१ मा पराजित भएका थिए । कुशवाहा मंसिर ४ मा माओवादी केन्द्र र झवाली स्वतन्त्र उम्मेदवार बनेका थिए । खरेल भने नेपाल सुशासन पार्टीबाट उठेका थिए । उनी अहिले पनि उक्त पार्टीका अध्यक्ष हुन् ।

यसअघि बारा-२ का प्रतिनिधिसभा सदस्य रामसहायप्रसाद यादव उपराष्ट्रपति निर्वाचित भएपछि यस क्षेत्रमा उपनिर्वाचन भएका थिए । मंसिर ४ को निर्वाचनमा यादवले कुशवाहालाई ३ सय ५४ मतले हराएका थिए । यादव १३ हजार ८ सय २२ मत ल्याएर विजयी भएका थिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

"तपाई, हामी सबैको कुरा"


साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।
www.sajhakuranews.com

# विन्दावासिनीलाई सांसद बन्ने बाटो खुला

साझाकुरा संवाददाता



हेटौंडा, १२ वैशाख/ हेटौंडाकी विन्दवासिनी कंशाकारलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट समानुपातिक सांसद बन्ने बाटो खुलेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा. ढाकाकुमार श्रेष्ठको पद मंगलबार प्रतिनिधिसभा बैठकबाट रिक्त भएसँगै उनको ठाउँमा विन्दाबासिनीलाई सांसद बन्ने बाटो खुलेको हो । सभामुख देवराज घिमिरेले सांसद श्रेष्ठको पद रिक्त हुने निर्णय गरेका हुन् । पार्टीले सांसद श्रेष्ठलाई पदमुक्त गराउन संघीय संसद सचिवालयमा पत्राचार गरेको थियो । व्यवसायी दुर्गा प्रसाईंसँग २ करोड रुपैयाँ डिल गरेको अडियो सार्वजनिक भएसँगै पार्टीले उनलाई साधारणसदस्यसमेत नरहने गरी कारबाही गरेको थियो । सभामुख घिमिरेले मंगलबारको प्रतिनिधिसभा बैठकमार्फत् श्रेष्ठको सांसद पदरिक्त रहेको जानकारी गराए ।

कानुनत: सभामुखले सदनलाई जानकारी गराएपछि सांसद पदरिक्त हुने गर्दछ । श्रेष्ठ समानुपातिकतर्फबाट सांसद बनेका थिए । सभामुख घिमिरेले भने, 'राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिसभाका सदस्य डा. ढाकाकुमार श्रेष्ठलाई सम्बन्धित संसदीय दलले पार्टीको साधारण सदस्यताबाट निष्कासन गरेको र सो निर्णय बमोजिम निजको सांसद पदरिक्त हुने भनी निर्णयसहितको सूचना राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३४ को उपदफा १ बमोजिम संघीय संसद सचिवालयमा दिएकोले सोही ऐनको दफा ३५ बमोजिम सभालाई जानकारी गराउँछु । साथै राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३६ बमोजिम प्रतिनिधिसभा सदस्यको उक्त स्थान रिक्त भएको व्यहोरा जानकारी गराउँछु ।',

श्रेष्ठको स्थानमा हेटौंडा निवासी एसिड पीडित विन्दवासिनी कंसाकारलाई सांसद बनाउने रास्वापले निर्णय गरिसकेको छ । सभामुखले श्रेष्ठको सांसद पद गएको जानकारी गराएसँगै पार्टीको निर्णयअनुसार विन्दावासिनीलाई पनि सांसदको रुपमा सदनलाई जानकारी गराउने छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट समानुपातिक सांसदको लागि सिफारिस भएकी विन्दावासिनी सांसद भएको अवस्थामा मकवानपुरबाट सम्भवत: सबैभन्दा कान्छी प्रतिनिधि सभा सदस्य बन्ने छिन् । रास्वपाको समानुपातिक सूची हेर्दा ढाकाको स्थानमा मेघबहादुर आले र विन्दवासिनी कंसाकार मुख्य दाबेदार देखिएका थिए । आदिवासी-जनजाति क्लस्टरको पुरुषतर्फ आले र महिला तर्फ कंसाकार प्राथमिकतामा रहेकाले उनीहरुमध्ये एकजनाले संसदको यात्रा तय गर्ने निश्चित थियो ।

रास्वपा सभापति रवि लामिछोनेल कंसाकारलाई सांसद बनाउने निर्णय लिएका हुन् । हेटौंडाकी कंसाकार 'एसिड पीडित'का रुपले देशभर चर्चित छिन् । विन्दवासिनी एसिड पीडितहरुको न्यायका लागि लडिरहेकी अभियन्ता समेत हुन् । उनलाई २०७० सालमा एसिड आक्रमण भएको थियो । हेटौंडामा रहेको आफ्नै परिवारको भाँडा पसलमा बसिरहेका बेला हेटौंडामै बस्ने भारतीय नागरिकले उनलाई बोलाएर एसिड छ्यापेका थिए । पीडक घटनाको ६ वर्षपछि २०७७ सालमा पक्राउ परे र जेल सजाय काटिरहेका छन् ।

# बकैयामा बालअधिकार प्रशिक्षक प्रशिक्षण तालिम



साझाकुरा संवाददाता

हेटौंडा, १२ वैशाख/ मकवानपुरको दोस्रो बालमैत्री गाउँपालिका घोषित बकैयामा बालअधिकार सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम भएको छ ।

तालिममा उपस्थित सरोकारवालाले बालअधिकारको संरक्षण गर्न सबै निकाय एकताबद्ध भएर अभियानमा जुट्नुपर्नेमा जोड दिएका छन् । बकैया गाउँपालिकाको आयोजनामा भएको बालअधिकारका विषयमा प्रशिक्षक प्रशिक्षण तालिमको उद्घाटन गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले गरेका छन् । तालिम एक हप्तासम्म सञ्चालन हुनेछ । गाउँपालिका अध्यक्ष लामिछानेले १८ वर्षसम्मका बालबालिकाको बालसंरक्षण, विकास, सहभागिता र बालबचाउका हरेक सवालमा भूमिका निर्वाह गर्ने दायित्व सबैमा रहेको बताए । गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्रीले पालिकाभित्र बढ्दो बालविवाहका सवालमा फरक ढंगले अघि बढ्नु पर्ने र बालबालिकामा बढ्दो दुर्व्यसनीका विषयमा चिन्ता प्रकट गरेका थिए ।

गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले प्रशिक्षक प्रशिक्षण तालिमले स्थानीय तहमै बालअधिकारका विषयमा सहजकर्ता उत्पादन गर्ने विश्वास रहेको बताए । कार्यक्रममा सहजकर्ता राष्ट्रिय बालसंरक्षण मञ्चका अध्यक्ष प्रकाश खतिवडा, बकैया कार्यपालिका सदस्य लक्ष्मी माझीलगायतको उपस्थिति थियो ।

बकैया वडा नम्बर-३ अध्यक्ष भुवन सिं घलानको सभाध्यक्षता भएको कार्यक्रममा सामाजिक विकास इकाई प्रमुख होमकुमारी सञ्जेलले सहभागीलाई स्वागत गर्दै तालिमको उद्देश्यमाथि प्रकाश पारेकी थिइन् । तालिममा जनप्रतिनिधि, कर्मचारी, बालमैत्री सहजकर्ता गरी २० जना सहभागी छन् ।

# बालश्रमिकको पुन:स्थापना र अवस्था बुझ्दै उपमहानगर

साझाकुरा संवाददाता



हेटौंडा, १२ वैशाख/ बालमैत्री स्थानीय तह घोषणाको तीव्र तयारीमा रहेको हेटौंडा उपमहानगर पालिकाले बालश्रमिकको वस्तुगत विवरण संकलनसँगै पुन:स्थापनाका लागि छलफल गरेको छ ।

कम्युनिटी एक्सन सेन्टर नेपाल (सिएसी)को ओयोजना तथा हेटौंडा उपमहानगरपालिकाको समन्वयमा भएको कार्यक्रममा बालश्रमको वस्तुस्थिति बुझ्दै पुन:स्थापनामा गर्न सकिने कार्यबारे छलफल गरिएको थियो । छलफलको प्रमुख वक्ता बागमती प्रदेशका प्रहरी प्रमुख किरण राणाले बालश्रम न्यूनीकरणका लागि प्रहरीले भूमिका खेलिरहेको बताइन् । घरदैलो अभियानमार्फत् विवरण संकलनमा पनि प्रहरीबाट पहल रहने राणाले बताइन् । बालश्रम विरुद्धका अभियानमा कुनै कसर बाँकी नराख्ने बताउँदै राणाले सिंगो समाजमै चेतना आउनुपर्नेमा जोड दिइन् ।

कार्यक्रमको अध्यक्षता गरेका हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख एंव बालअधिकार समिति संयोजक राजेश बानियाँले उपमहानगरले नगर क्षेत्रका बालश्रमिकको तथ्यांक संकलन गरिसकेको बताउँदै शुन्य बालश्रम बनाउने अभियानमा आफूहरु लागेको बताए । कार्यक्रम सीएसी नेपालका प्रमुख तुलसालता अमात्यले हरेक स्थानीय तहसँग सहकार्य गर्दै बालश्रम न्यूनीकरणमा भूमिका खेल्ने अभियानमा लागेको बताइन् । २०८० सम्म बालमैत्री बनाउने हेटौंडा उपमहानगरको अभियानलाई सीएसीको सहयोग रहने विश्वास दिलाएकी छन् । उपमहानगरको सामाजिक विकास महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेले नगरभित्र बालश्रम सम्बन्धी वस्तुगत विवरण प्रस्तुत गरेकी थिइन् । उनले नगरका १९ वटै वडामा ६३ जना बालश्रमिक रहेको तथ्यांक सार्वजानिक गरिन् । नगरका ६, १२ र १६ वडामा बालश्रमिक नभएको उनको भनाई छ ।

कार्यक्रममका श्रम तथा रोजगार कार्यालयका निमित्त प्रमुख भीम शर्माले उद्योग प्रतिष्ठानहरुमा बालश्रम शुन्य अवस्था पुगेको बताउँदै अशिक्षा र गरिबीका कारण बालश्रम हुने गरेको दाबी गरे । १८ वर्षमुनिका बालबालिकालाई काममा लगाउनु बालश्रम भएको बताउँदै अनुगमनको क्रममा भेटिएका बालश्रमिकलाई पारिवारीक मिलन गराउन भूमिका खेलेको बताए ।

# बागमतीको बजेट र कार्यक्रमलाई मन्त्रालयले माग्यो सुझाव




साझाकुरा संवाददाता

हेटौंडा, १२ वैशाख/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट, नीति तथा कार्यक्रम ल्याउन तयारी सुरु गरेको छ ।

आगामी आवका लागि प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट निर्माणको तयारी थालेको हो । बागमती सरकारले आगामी आर्थिक वर्षका लागि बजेट निर्माण गर्ने कार्य धमाधम भइरहेको जानकारी दिएको छ । प्रदेशका सबै मन्त्रालयमा अहिले विभिन्न शाखाका कर्मचारी, महाशाखाका प्रमुखहरु, सचिवहरु र मन्त्रीहरुलाई अहिले बजेटको चटारोले भ्याइनभ्याइ भएको छ ।

आगामी आर्थिक वर्षको बजेट निर्माण गर्नका लागि प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले हरेक मन्त्रालयलाई बजेटको सिलिङ तोकेको छ । त्यही सिलिङमा रहेर बजेट निर्माण गर्ने काम भइरहेको कर्मचारीको भनाइ छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ल्याउने बजेट तथा कार्यक्रममा जनस्तरबाट सुझाव माग गरेको छ । आव २०८०/८१ को बजेट तर्जुमासम्बन्धी कार्य प्रारम्भ भइसकेकाले सुझाव दिन सूचना जारी गरेको हो । बजेटमा समावेश गरिनुपर्ने नीति तथा कार्यक्रमका सम्बन्धमा आफ्ना सुझावहरु ३० वैशाख २०८० सम्म उपलब्ध गराउन विभिन्न संघ, संस्था, वुद्धिजीवी, विज्ञ, राजनीतिक दल, व्यवसायी, समाजसेवी, पेशाकर्मी, कर्मचारी, संचारजगत तथा आमनागरिकमा अनुरोध गरिएको छ । मन्त्रालयले इमेलमा वा मन्त्रालयमा सुझाव उपलब्ध गराउन आग्रह गरेको हो ।

बजेट तथा कार्यक्रमलाई बढी जनमुखी, प्रतिफलमुखी र कार्यान्वयनयोग्य बनाउन सुझाव माग गरिएको अर्थमन्त्री बहादुरसिं लामाले जानकारी दिए । यही लक्ष्यसाथ हाल सरोकारवालासँग छलफल एवम् परामर्श तथा सुझाव संकलन थालिएको पनि उनले बताए ।

# कक्षा १२ को परीक्षा केन्द्र सार्वजनिक




काठमाडौं/राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय (कक्षा १२)ले वैशाख २६ गतेदेखि हुन लागेको कक्षा १२ को परीक्षा केन्द्र सार्वजनिक गरेको छ । कार्यालयले सार्वजनिक गरेको नतिजा अनुसार एक हजार ४५३ परीक्षा केन्द्र रहने छन्।

परीक्षा नियन्त्रण कार्यालयले कतिपय विषयको नमुना प्रश्नपत्रमा विद्यार्थी तथा शिक्षकहरुको सुझाव अनुसार परिमार्जन गर्दै लगिरहेको परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले जानकारी दिए । अथवा राखेर वैकल्पिक प्रश्न नराखिएको केही विषयहरुमा पनि राखिनुपर्ने सुझाव आएकोले त्यसरी परिमार्जन गरिएको उनले बताए ।

उनले भने, 'हामीले नमुना प्रश्नपत्र सार्वजनिक गरिरहेका छौं। त्यसमा हामीले अर (अथवा) भनेर राखिएको थिएन । तर धेरै विद्यार्थी तथा शिक्षकले त्यो सुविधा राख्नुपर्ने भनेकाले फेरि त्यसरी राखेका छौं।' नयाँ पुरानो गरेर करिब तीन सय प्रश्नपत्रहरु तयार भइरहेको परीक्षा नियन्त्रक शर्माले जानकारी दिए ।

उनको भनाइ अनुसार विद्यार्थीहरुको उत्तरपुस्तिका दुर्गम जिल्लाका परीक्षा केन्द्रहरुमा पुगिसकेको छ। कोभिडको कारण बोर्डले शैक्षिक सत्र २०७७ देखि प्रश्नपत्र प्रकाशन गर्न छोडेको छ। परीक्षा बोर्डले अनलाइन माध्यमबाट पठाउने प्रश्नपत्र परीक्षा केन्द्रले आफैं प्रिन्ट गर्नुपर्नेछ । चार लाख ६७ हजार परीक्षार्थीहरु परीक्षामा सहभागी हुने परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ ।

# जनप्रिय वनमा शव फेला



साझाकुरा संवाददाता

हेटौंडा, १२ वैशाख/ हेटौंडा उपमहानगरपालिकाको एउटा सामुदायिक वनमा मंगलबार शव फेला परेको छ ।

हेटौंडा-१२ स्थित जनप्रिय सामुदायिक वनमा अन्दाजी ६६ वर्षीय सीताराम बर्तौला मृत अवस्थामा फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडाले जानकारी दिएको छ । स्थानीयले पुरुषको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । प्रहरीका अनुसार घटनास्थल मुचुल्कापछि शव परीक्षणका लागि हेटौंडा अस्पताल ल्याइएको छ । घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# राक्सिराङमा आगलागीबाट घर र मौरीघार नष्ट

साझाकुरा संवाददाता

हेटौंडा, १२ वैशाख/ जिल्लाको विकट राक्सिराङ गाउँपालिका वडा नम्बर ५ मा आगलागीबाट गहिराम प्रजाको घर र मौरीघार नष्ट भएको छ ।

आगलागीका कारण प्रजाको घरसहित ७० वटा मौरीको घार जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । चेपाङ समुदायले च्यूरीको रुख भएको क्षेत्रमा प्रशस्त मौरी पाल्ने गरेका छन् । गहिराम प्रजाले पनि आफ्नो आर्थिक पक्ष सबल बनाउन मौरी पाल्दै आएका थिए । मौरी पालन गरी महबाट लाखौंको आम्दानी गर्दै आएका प्रजाको ७० वटा घार एकैसाथ नष्ट हुदाँ लाखौं नोक्सानी व्यहोंनु परेको हो ।

आगलागीबाट घरमा रहेको तीन लाख नगदसहित गरगहना, अन्तपात र लत्ताकपडासहित मौरीको घार जलेर करिब १० लाख बराबरको क्षति भएको चैनपुर प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक हीरा श्रेष्ठले बताए ।

काठपात र खरको छानो भएको एकतले २ वटा घरमा आगलागी भएपछि प्रहरी र स्थानीयले आगो निभाएका थिए । आगलागीबाट मानवीय क्षती भने नभएको प्रहरी सहायक निरीक्षक श्रेष्ठले बताए ।

# सशस्त्र प्रहरी बलको नियमावली संशोधन गर्ने सरकारको निर्णय




काठमाडौं/सरकारले काठमाडौं-तराई-मधेस फास्ट ट्र्याकको सम्बन्धमा जग्गा प्राप्तिको विषयलाई छिटो टुंग्याउने निर्णय गरेको छ ।


मंगलवार सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकले यस्तो निर्णय गरेको भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले बताए ।

उनले भने, 'काठमाडौं-तराई-मधेस फास्ट ट्र्याकको सम्बन्धमा जग्गा प्राप्तिको विषयमा छलफल भयो । केही दिनअघि हामीले उच्चस्तरीय समिति पनि यसका लागि निर्माण गरेका थियौं । त्यो समितिले काम अघि बढाएको छ। छिटै जग्गा प्राप्तिको कामलाई अघि बढाउने, टुंग्याउने भन्ने निर्णय भएको छ । सशस्त्र प्रहरी बलको नियमावली संशोधनको कुरा छ ।'

उनले बैठकमा सशस्त्र प्रहरी बलको नियमावली संशोधन गर्ने निर्णय गरेको बताए । उनले कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको गुणस्तर नापतौल सम्बन्धी विधेयक समितिमा पठाउने निर्णय गरेको पनि बताए । उनले भने, 'कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको प्रस्ताव समितिमा पठाउने निर्णय भएको छ ।'

मन्त्री ज्वालाले जग्गा कित्ता काट सम्बन्धी विषयलाई अर्थ तथा प्रशासन समितिमा पठाउने निर्णय भएको पनि बताए । 'जग्गा कित्ता काटको विषयलाई अर्थ तथा प्रशासन समितिमा पठाउने निर्णय भएको छ।' उनले भने ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड

हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. : ९८४५५३९५६३, ९८१५२२४३४३

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्
कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राइ क्लिनका लागि सधैं सम्झनुहोस् ।


कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
मेरिना ड्राइ क्लिनिङ स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना